का.जि.प्र.का.द.नं. १००/०५९/६०
२८ माघ २०८१,
सोमबार
10 February, 2025
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक


ईपेपर हेर्नु

वर्ष २३, अंक ८ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



गुल्मीको चन्द्रकोट गाउँपालिका- ७ स्थित रुपाकोट । तस्बिर : छबि सापकोटा/मध्यान्ह

# शहरलाई बढ्दो भार गाउँ बन्दै सुनसान



मान्छे शहर केन्द्रित हुन थाले । यसको कारण समयमै गाउँमा विकास नपुग्नु हो । यसबाट सिकेर अब भूगोललाई केन्द्रित गरेर विकासको नीति तय गरिनुपर्छ

■ **दीपेन्द्रबहादुर क्षेत्री**
**पूर्वगभर्नर**

१० वर्ष अगाडिको तुलनामा ग्रामीण जनसंख्या घट्दै गएको छ भने शहरी जनसंख्या ६१ दशमलव ५ प्रतिशतबाट एकै पटक ५ प्रतिशत बढेर ६६ दशमलव ८१ प्रतिशतमा पुगेको छ

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ माघ ।

नेपालको दुई तिहाइ जनसंख्याको बसोबास शहरी क्षेत्रमा रहेको पाइएको छ । २०७८ सालको जनगणनाको ग्रामीण र शहरी क्षेत्रको विश्लेषणात्मक रिपोर्ट हालै सार्वजनिक भएको छ । यसले शहरी र शहरोन्मुख क्षेत्रमा बसोबास गर्ने जनसंख्या दुई तिहाइ रहेको देखाएको छ ।

रिपोर्टअनुसार ६६ दशमलव ८ प्रतिशत जनसंख्या शहरी र शहरोन्मुख क्षेत्रमा बसोबास गर्छन् ।

२०६८ सालको जनगणना अर्थात् १० वर्ष अगाडिको तुलनामा ग्रामीण जनसंख्या घट्दै गएको छ भने शहरी जनसंख्या ६१ दशमलव ५ प्रतिशतबाट बढेर ६६ दशमलव ८१ प्रतिशतमा पुगेको छ ।

नगरपालिका र गाउँपालिकाको जनसंख्या भने मिल्दोजुल्दो छ । तर, उपमहानगर र महानगरको भने बढ्दो छ । शहरी जनसंख्याका विशेषता मुख्यत: शहरोन्मुख प्रकृतिका छन् । यसबाहेक शहरी केन्द्रमा जनसंख्या १३ दशमलव ३३ प्रतिशतबाट उल्लेख्य रूपमा बढेर १६ दशमलव ८४ प्रतिशत पुगेको देखिन्छ । यसले ठूला शहर र तिनका वरपर जनसंख्याको बढ्दो केन्द्रीकरणलाई संकेत गरेको छ ।

बाँकी शहरोन्मुख, अर्धघना र घना शहरी क्षेत्रमा शहरी जनसंख्या बढेको देखिन्छ । यसबाहेक, ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा हुने गरेको मानिसको आवतजावतलाई संकेत गरेको छ । यसले गाउँ रित्तिँदै गएको देखाउँछ ।

मधेश प्रदेशमा जनसंख्या वृद्धि दर सबैभन्दा उच्च (१९ दशमलव ९ प्रतिशत), त्यसपछि »» पृष्ठ २ मा

# अध्यादेश फेल भए के हुन्छ ?

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २६ माघ ।

काठमाडौं, २६ माघ ।

सरकारले संसद्का दुवै सदनमा ६ वटा अध्यादेश पेस गरेको छ । ती अध्यादेशहरू संसद्का दुवै सदनमा भने निर्णयार्थ पेस भएका छैनन् । बिहीबार संसद्मा प्रस्तुत हुने कार्यसूची भए पनि अन्तिममा सूचीबाट हटाइएको थियो ।

यस्तै, आइतबार बसेको संसद्को बैठकमा पनि निर्णयार्थ पेस भएन । अध्यादेश कहिले निर्णयार्थ पेस हुन्छ भने अहिले पनि निश्चित छैन ।

मन्त्रिपरिषद्को सिफारिसमा १४ पुसमा राष्ट्रपति रामचन्द्र पौडेलले सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ जारी गरेका थिए । २९ पुसमा थप ४ वटा अध्यादेश जारी भए । २ माघमा अर्को एउटा अध्यादेश जारी भयो । ती ६ वटै अध्यादेश शुक्रबार दुवै सभामा प्रस्तुत भएका थिए । अध्यादेश जारी भएको ३० दिनभित्र संसद्बाट पारित नभए स्वत: खारेज हुने प्रावधान छ । त्यसैले सरकार अध्यादेश पारित गराउन सक्रिय छन् ।

अध्यादेश पारित गर्न जनता समाजवादी पार्टी नेपाल (जसपा नेपाल)को भूमिका महत्त्वपूर्ण छ । सरकारलाई प्रतिनिधिसभाबाट अध्यादेश पारित गर्न अप्ठ्यारो नभए पनि राष्ट्रियसभाबाट पारित गराउन सकस छ । राष्ट्रियसभामा अध्यादेश पारित गराउन सरकार जसपा नेपालको भर परेको छ । राष्ट्रियसभामा जसपा नेपालको ३ सिट छ ।

५९ सदस्यीय राष्ट्रियसभामा बहुमतका लागि ३० मत आवश्यक हुन्छ, जसअनुसार अध्यादेशको विपक्षमा उभिएका नेकपा (माओवादी केन्द्र)का १७, नेकपा (एकीकृत समाजवादी)का ८ र जनमोर्चाका १ गरी २६ सदस्य छन् भने सत्तापक्षका २८ सदस्य छन् । यस्तै, राष्ट्रियसभामा कांग्रेस (१६), एमाले (१०) र लोकतान्त्रिक समाजवादी पार्टी (१) गरेर २७ जना सांसद छन् ।

यो बहुमत होइन । मनोनीत सांसद डा. अन्जान शाक्य एमाले समर्थित हुन् । उनलाई समेत जोड्दा सत्तापक्षको सांसद संख्या २८ पुग्छ । प्रतिनिधिसभामा सरकारको पक्षमा कांग्रेस (८८), एमाले (७९), जनता समाजवादी पार्टी (७), जनमत »» पृष्ठ २ मा



संसद् अधिवेशन नरहेका बेला सरकारले अध्यादेश ल्याउनुपर्छ, जो दुवै सदनबाट स्वीकार भए मात्र अगाडि बढ्छ । यस सम्बन्धमा कुनै अन्योल छैन

■ **राधेश्याम अधिकारी**
**पूर्वसदस्य, राष्ट्रियसभा**

## यादव सकारात्मक



जसपा नेपालले सरकारले ल्याएको अध्यादेशप्रति सकारात्मक रहेको जनाएको छ । अध्यक्ष उपेन्द्र यादवले सरकारले हालै ल्याएको अध्यादेशप्रति पार्टी सकारात्मक रहेको बताएका हुन् । आइतबार सिंहदरबारमा बसेको पार्टीको संसदीय दलको बैठकपछि पत्रकारहरूसँग कुरा गर्दै अध्यक्ष यादवले अध्यादेशप्रति आफ्नो पार्टी सकारात्मक रहेको प्रतिक्रिया दिए ।

उनले अध्यादेश आफ्नो पार्टीका कारण नरोकिएको, सरकारले नै संसद्को कार्यसूचीबाट हटाएको बताए ।

सरकारले संसद्को कार्यसूचीमा अध्यादेश राखेलगत्तै पार्टीले निर्णय सार्वजनिक गर्ने बताउँदै उनले अध्यादेशलाई समर्थन गर्ने विषयमा पार्टीले बार्गेनिङ नगरेको स्पष्ट पारे । उनले भने, ‘अहिले आफ्नो पार्टी सरकारमा »» पृष्ठ २ मा

## कतारमा अवैध नेपालीलाई अवसर

# जरिमाना र जेल सजायबिना घर फर्कन पाउने

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा (कतार), २७ माघ ।

कतारमा गैरकानुनी रूपमा काम गर्ने कामदारलाई त्यहाँको सरकारले आममाफी दिएको छ । कतारी सरकारले यस अवसरको सदुपयोग गर्दै सहजै आफ्नै कानुनी अवस्था सुधार गर्न या स्वदेश फर्कन सुविधा दिएको छ ।

कतारको आन्तरिक मन्त्रालयले अवैध रूपमा बसेका विदेशी नागरिकलाई आममाफी दिएर कानुनी अवस्था सुधार गर्न या स्वदेश फर्कन सुविधा दिएको हो । अवैधानिक भएर बसेका



कतारको राजधानी दोहास्थित आन्तरिक मन्त्रालय

विदेशी नागरिकलाई आफ्नो देश फर्कन माफी दिने घोषणा गरिएको हो ।

आइतबारदेखि ३ महिनासम्मका लागि यो व्यवस्था लागू गरिएको कतारको आन्तरिक मन्त्रालयले जनाएको छ ।

कतारी आईडीको म्याद सकिएर लामो समयसम्म नवीकरण नगरेका, कम्पनी छाडेर भागेर लुकीछिपी काम गरिरहेका तथा भिसाको नियम पालना नगरेकाहरूलाई आफ्नो देश फर्कन आग्रह गर्दै आममाफी दिइएको हो । यस अवधिमा बिनाजरिमाना तथा »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# सर्‍यो वैदेशिक रोजगार संघको निर्वाचन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ माघ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी २ फागुनका लागि तोकिएको निर्वाचनसहितको साधारणसभा सरेको छ । संघको कार्यसमितिले विभिन्न कारणहरू देखाउँदै २ फागुनका लागि तय भएको नयाँ कार्यसमितिको निर्वाचनसहितको साधारणसभा आगामी १७ असार २०८२ मा गर्ने अनुमतिका लागि जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पत्र पठाएको छ ।

साधारणसभाको मिति सार्ने निर्णय गरेको संघले सार्वजनिक सूचना प्रकाशन गरी सम्पूर्ण व्यवसायीलाई जानकारी गराउने संघका महासचिव मेघनाथ भुर्तेलले मध्यान्ह दैनिकलाई बताए । उनले वैदेशिक रोजगार व्यवसायीको इजाजत नवीकरणका लागि बाधक रहेको संख्या सय समस्याको समाधान, भवन खरिद प्रक्रिया टुंगोमा पुर्‍याउने र वैदेशिक रोजगार ऐन संशोधन, सेवा शुल्क परिमार्जनलगायतका थाँती रहेका महत्त्वपूर्ण काम पनि अनुभवी कार्यसमितिले टुंगोमा लगाउन सहज हुने विषयमा व्यवसायीहरूको आग्रहपछि साधारणसभा र निर्वाचन सार्ने निर्णय कगरिएको बताए ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीले साधारणसभा सार्नुमा आफ्नो कुनै व्यक्तिगत स्वार्थ नरहेको भन्दै मुख्यगरी व्यवसायीको इजाजत नवीकरणका लागि बाध्यता खडा गरिएको संख्या सय समाधानलगायतका विषयमा केही समय वर्तमान कार्यसमितिले प्रभावकारी रूपमा काम गर्नुपर्ने अग्रज व्यवसायीसहित सबैतिरबाट सुझाव र आग्रह आएपछि मिति सारिएको र सरेको मितिमा कुनै पनि अवस्थामा नयाँ नेतृत्वका लागि निर्वाचन हुने आफ्नो प्रतिबद्धता रहेको बताए । »» पृष्ठ २ मा

## एसोसिएसनसहित ४ संस्थाको विरोध र आपत्ति

**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी २ फागुनका लागि तोकिएको निर्वाचनसहितको साधारणसभा स्थगित गर्ने संघ कार्यसमितिको निर्णयप्रति ४ वटा संस्थाले विरोध जनाएका छन् ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन र तराई वैदेशिक रोजगार व्यवसायी समाजले छुट्टाछुट्टै »» पृष्ठ २ मा

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको**

**प्रेस विज्ञप्ति**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी २०८१/११/०२ गतेको लागि तय गरिएको निर्वाचन प्रक्रियामा अनावश्यक र औचित्यहिन कारण देखाई ढिलाइ गर्दै संघको विधान (परिच्छेद-६, धारा-२४) विपरीत स्वार्थअनुकूल निर्णय लिने गरिरहेको साथै २०८१/११/०२ गते गर्ने भनिएको निर्वाचनसहितको साधारण सभा २०८२/०३/१७ गते सारिएको भन्ने सूचना तथा समाचार आएकोले अवैधानिक कार्यसमितिले गलत नजिर बसाउन खोजेको प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।

संघको वर्तमान कार्यसमितिको कार्यकाल २०८१ माघ ६ गते नै समाप्त भइसकेको हुँदा, विधानअनुसार कार्यकाल समाप्त हुनु अगावै **निर्वाचनसहितको साधारण सभा सम्पन्न गर्नु पर्नेमा**, संघको नेतृत्वले विभिन्न बहानाहरु बनाउँदै विधानविपरीत कार्यकाल लम्ब्याउने, साधारण सभा नगरी संस्थाको विधानले दिएको अधिकार भन्दाबाहिर रहेर पदीय दुरुपयोग गर्ने, सदस्य संस्थाहरुलाई गुमराहमा राख्ने गलत क्रियाकलाप गरेको देखिरहेका छौं जसको कारण नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा आबद्ध व्यवसायीहरुको ठूलो संख्याले निर्वाचन तोकिएको समयमा सम्पन्न गर्नुपर्ने माग गरिरहेका छन् तर वर्तमान नेतृत्वको ढिलासुस्ती र विधान विपरीतका गतिविधिहरुले व्यवसायीहरुलाई अन्योलमा पार्दै संस्थागत सुशासनलाई समेत कमजोर पार्ने खतरा बढ्दै गएको छ ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन व्यवसायीहरुको हक अधिकारको संरक्षण गर्न र संस्थागत पारदर्शिता सुनिश्चित गर्न, नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई निर्वाचन तोकिएको मितिमा नै सम्पन्न गर्न विशेष आग्रह गर्दछ। यदि विधान विपरीत निर्वाचनलाई अन्यौलमा पार्ने र व्यवसायीहरुको मनोभावना विपरीत गलत नियतले संघलाई सीमित व्यक्तिहरुले कब्जामा राख्ने दुष्प्रयास भएमा आम-व्यवसायीहरु संघको विरुद्धमा संघर्षमा उत्रिन बाध्य हुनेछन् जसको सम्पूर्ण जिम्मेवारी संघको वर्तमान नेतृत्वले लिनुपर्नेछ। यसर्थ हालको अवैधानिक कार्यसमितिले सम्पूर्ण गतिविधिहरु यथावत् राखि तोकिएको समयमा निर्वाचन गराउन जोडदार माग गर्दछौं ।

**दिपक थापा**
अध्यक्ष
**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन**
नयाँ बानेश्वर, काठमाडौं, नेपाल, फोन नं. : ०१-४५६६४२८

मध्यान्ह
दैनिक
www.madhyanhadaily.com

२८ माघ २०८१ सोमबार
10 February 2025, Monday

# प्रजातन्त्र दिवस ३ दिन मनाइने, मूल समारोह समिति गठन

**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीका अध्यक्षतामा राष्ट्रिय प्रजातन्त्र दिवस, २०८१ मूल समारोह समिति गठन भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को बैठक, सिंहदरबारमा आइतबार भएको बैठकमा गृह मन्त्रालयको प्रस्तावबमोजिम मूल समारोह समिति, विभिन्न उपसमिति गठन र विभिन्न कार्यक्रमहरुको प्रस्ताव छलफलसहित पारित गरी भव्यताका दिवस साथ मनाउने निर्णय भएको हो ।

प्रधानमन्त्रीका अध्यक्षतामा गठित मूल समारोह समितिमा उपप्रधानमन्त्रीहरु, मन्त्रीहरु एवं राज्यमन्त्रीहरु, काठमाडौं महानगरपालिकाका प्रमुख, नेपाल सरकारका मुख्यसचिव, प्रधानसेनापति, ललितपुर महाहनगरपालिकाका प्रमुख, नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका राजपत्राङ्कित अधिकृतहरु, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखहरु, काठमाडौं उपत्यकाका नगरपालिकाका प्रमुखहरु



रहनेछन् ।

यसैगरी, सम्बन्धित निकाय र पक्षको सहभागिता हुने गरी प्रचारप्रसार, मञ्च सजावट, ग्राउण्ड कवाज तथा व्यायम व्यवस्थापन, सांस्कृतिक झाँकी व्यवस्थापन, सांस्कृतिक विविधता प्रदर्शन व्यवस्थापन उपसमिति गठन गरिएको छ । यसैगरी सातै प्रदेशमा मुख्यमन्त्रीका अध्यक्षामा प्रदेशस्तरीय समारोह समिति गठन गरी विभिन्न कार्यक्रम गरी दिवस मनाउने निर्णय भएको छ । वि.सं. २००७ फागुन ७ गते प्रजातन्त्र स्थापना भएको ऐतिहासिक दिनको स्मरणमा प्रत्येक फागुन ७ गते यो दिवस मनाउने गरिन्छ।

यस वर्ष फागुन ६, ७ र ८ गते तीन दिनसम्म नेपाल र विदेशस्थित नेपाल राजदूतावास, कूटनीतिक नियोग एवं वाणिज्य दूतावासहरुमा समेत दीपावली गर्ने तथा फागुन ७ गते नेपाली सैनिक मञ्च, टुँडिखेलमा मूल कार्यक्रम आयोजना हुनेछ । बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले जनतामाथि दमन गर्ने, नाङ्गो र हेपाहा खालको प्रवृत्ति देखाउने निर्देशतन्त्र र प्रतिगमनलाई नेपाली जनताको बलिदानी संघर्ष परास्त गरेको ऐतिहासिक दिनलाई जनस्तारमा समेत मनाउन आग्रह गरे ।

'यो दिवसलाई केवल आदेश-निर्देशका भरमा मनाउने वा औपचारिक दिवसका रुपमा मनाइनु हुँदैन । यसलाई जनताको कार्यक्रम बनाउने गरी तयारी गर्नुपर्छ,' ओलीले भने,'मुलुकका लागि यो सबैभन्दा ठूलो परिवर्तन ल्याउने दिने हो । यहाँ हिंसालाई जनयुद्ध दिवस भन्न रुचाउनेहरु छन् तर त्यत्रो परिवर्तनलाई मान्न नरुचाउने तत्वहरु छँदैछन् । प्रजातन्त्र दिवसलाई नमान्ने कुरा लोकतान्त्रिक हुन सक्दैन । यस दिवसलाई भव्यताका साथ मनाउनुपर्छ ।'

## शहरलाई...

बागमती (१४ दशमलव ६ प्रतिशत) र सबैभन्दा कम (१ दशमलव २ प्रतिशत) कर्णाली प्रदेशमा रहेको छ ।

तथ्यांकले शहरी जनसंख्याको वितरणमा सबैभन्दा बढी असन्तुलन तराई क्षेत्रका स्थानीय तहहरूमा रहेको देखाउँछ । मधेश प्रदेशमा बहुसंख्यक वडाहरू (९७१) शहरोन्मुख विशेषताका छन् । बढी शहरी क्षेत्र भएको दोस्रो ठूलो प्रदेश बागमती देखिन्छ, जबकि यहाँ पनि ग्रामीण वडाको संख्या ६७२ छ भने कुल शहरोन्मुख र शहरी वडा ४४९ वटा छन् ।

कर्णाली प्रदेशमा ६३७ वटा वडा ग्रामीण विशेषताका छन् भने ७५ वडा शहरी र ६ वटा वडा शहरोन्मुख विशेषतायुक्त छन् ।

नेपालको सन्दर्भमा प्रदेशगत जिल्लाअनुसार ग्रामीण तथा शहरी क्षेत्रको वर्गीकरणअनुसार बागमती प्रदेशको काठमाडौं जिल्लामा ९३ दशमलव ५१ प्रतिशत जनसंख्या शहरमा बसोबास गरेको देखिएको छ भने शहरी जनसंख्या नदेखिएका जिल्लाहरूमा कोशी प्रदेशको संखुवासभा र तेह्रथुम, गण्डकी प्रदेशका मनाङ र मुस्ताङ, लुम्बिनी प्रदेशको रुकुमपूर्व र कर्णाली प्रदेशका डोल्पा र हुम्ला छन् ।

सरोकारवालाहरू शहरलाई मान्छेको भार पर्नुको मुख्य कारण गाउँमा समयमै समृद्धि नपुग्नु हो । पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्री शहरी जनसंख्याको भार कम गर्न फेरि पनि भूगोललाई केन्द्रित गरेर विकासको नीति तय गर्नुपर्ने सुझाउँछन् ।

'मान्छे शहर केन्द्रित हुन थाले । यसको कारण समयमै गाउँमा विकास नपुग्नु हो । यसबाट सिकेर अब भूगोललाई केन्द्रित गरेर विकासको नीति तय गरिनुपर्छ ताकि शहरमा मान्छेको भार कम गर्न सकियोस्', हालै राजधानीमा आयोजित एक कार्यक्रममा पूर्वगभर्नर क्षेत्रीले भने ।

## अध्यादेश...

पार्टी (६), लोकतान्त्रिक समाजवादी पार्टी (४) र नागरिक उन्मुक्ति पार्टी (४) गरेर १८८ सांसद छन् । २७५ सदस्यीय प्रतिनिधिसभामा यो २ तिहाइ बहुमत हो ।

जसपा नेपाल नेपाल सरकारमा छैन तर उसका ३ जना सांसद कतै खुलेका छैनन् । यदि जसपा नेपालका ३ जना सांसद अध्यादेश अस्वीकृत गर्ने पक्षमा खुले भने विपक्षमा रहेका सांसदको संख्या २९ पुग्छ ।

त्यसैले सरकारले ल्याएको अध्यादेश स्वीकृत/अस्वीकृत के हुने भन्नेमा यतिखेर राष्ट्रियसभामा ३ सिट रहेको जसपा नेपाल निर्णायक छ । राष्ट्रियसभामा जसपा नेपालले सरकारलाई सहयोग गरेन भने अध्यादेश पारित नहुने निश्चित छ ।

प्रतिनिधिसभाबाट अध्यादेश पारित गराउन कुनै समस्या नभए पनि राष्ट्रियसभामा सत्ता गठबन्धनको बहुमत पुग्दैन । सोही कारण सरकार अध्यादेशलाई कार्यसूचीबाट हटाएरै भए पनि बहुमत जुटाउने प्रयासमा छ । जसपा नेपालले सहयोग गरे अध्यादेश राष्ट्रियसभाबाट सजिलै पारित हुने अवस्था छ ।

### पारित नभए के हुन्छ ?

संघीय संसद् सचिवालयका अनुसार राष्ट्रियसभामा माओवादी केन्द्र र नेकपा एसका १६ जना सांसदले विभिन्न ६ वटा अध्यादेश अस्वीकृत गर्न माग गर्दै सूचना दिएका छन् । माओवादी, रास्वपा, एकीकृत समाजवादीसहित विपक्षमा रहेका दलका सांसदहरूले प्रतिनिधिसभामा ५० वटा अस्वीकृतका सूचना दर्ता गरेका छन् ।

सामान्यतया ध्वनि मतका आधारमा यस्तो सूचनामाथि निर्णय गर्ने अभ्यास छ । केही गरी स्वीकृत गर्ने र अस्वीकृत गर्ने पक्षमा बराबर मत छ भन्ने सभाध्यक्षलाई लागेमा वा कुनै सदस्यले मत यकिन गर्न माग गरे त्यसअनुसारको प्रक्रियामा जानुपर्छ ।

तर, राष्ट्रियसभामा सत्तापक्ष र विपक्षमा रहेका दलको संख्या बराबर जस्तै रहेकाले अध्यादेश स्वीकृत वा अस्वीकृतका लागि मतदान माग हुन सक्छ । यस्तो माग हुने वा नहुने भन्ने विषय जसपा नेपालका ३ जना सांसदको निर्णयमा निर्भर हुने छ ।

एउटा सदनले पारित गरेको विधेयक अर्को सदनले अस्वीकृत गरेमा वा संशोधनसहित पारित गरेमा त्यसलाई विधेयक उत्पत्तिकर्ता सदनले स्वीकार गरेर सहज हुन्छ । यस्तो स्वीकार वा अस्वीकार गर्ने निर्णय बहुमत वा सर्वसम्मतबाट हुन्छ ।

तर, त्यस्तो अध्यादेश जारी भएपछि बसेको संघीय संसद्का दुवै सदनमा पेस गरिने छ र दुवै सदनले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुने संविधानको धारा ११४ को २ (क)मा उल्लेख छ ।

तर, एउटा सदनले अस्वीकार गर्ने र अर्को सदनले स्वीकार गर्ने निर्णय गरेको खण्डमा के हुन्छ भन्ने विषय अन्योल छ ।

राष्ट्रियसभाका पूर्वसदस्य तथा नेपाली कांग्रेसका नेता राधेश्याम अधिकारी अध्यादेश दुवै सदनबाट स्वीकार हुनुपर्छ भन्नेमा अलमल नरहेको बताउँछन् । उनी भन्छन्, 'संसद् अधिवेशन नरहेका बेला सरकारले अध्यादेश ल्याउनुपर्छ जो दुवै सदनबाट स्वीकार भए मात्र अगाडि बढ्छ । यस सम्बन्धमा कुनै अन्योल छैन ।'

उनका अनुसार राष्ट्रियसभामा अध्यादेश फेल भए पनि सरकारमाथि कुनै असर पर्दैन । 'राष्ट्रियसभाले अध्यादेश अस्वीकृत गरे पनि सरकारको भविष्यमाथि कुनै असर गर्दैन', अधिकारीले भने । सरकार निर्माणमा राष्ट्रियसभाको कुनै भूमिका नरहेका कारण यसको स्वीकृति र अस्वीकृतिसँग सम्बन्ध नरहेको अधिकारीले बताए ।

### कसरी हुन्छ फिर्ता ?

अध्यादेश फिर्ताका लागि संविधानको धारा ११४ मा व्यवस्था छ । धारा ११४ अनुसार सिफारिस भएको अध्यादेश सोही धाराको उपधारा 'ख' अनुसार खारेज हुन सक्ने छ । यसरी जारी भएको अध्यादेश 'राष्ट्रपतिबाट जुनसुकै बखत खारेज हुन सक्ने छ' भनिएको छ । राष्ट्रपतिलाई त्यसका लागि सिफारिस हुन जरुरी छ ।

यदि प्रधानमन्त्री के. पी. शर्मा ओलीले अध्यादेशको आवश्यकता नभएको महसुस भएमा मन्त्रिपरिषद्बाट त्यसलाई खारेजीको सिफारिस गर्न सक्ने छन् ।

### निष्क्रिय बनाउने उपाय

सरकारलाई अध्यादेशलाई निष्क्रिय बनाउन सकिने सुविधा छ । उपधारा २ को 'क' र 'ग' अनुसार निष्क्रिय बनाउन सकिने छ । 'क'मा जारी भएको अध्यादेश संघीय संसद्का दुवै सदनमा पेस गर्ने र दुवै सदनले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुने उल्लेख छ ।

त्यस्तै, 'ग'मा 'क' र 'ख'बमोजिम निष्क्रिय वा खारेज नभएमा दुवै सदनको बैठक बसेको ६० दिनपछि स्वतः निष्क्रिय हुने छ । सरकारले यो विकल्प पनि प्रयोग गर्न सक्ने छ । त्यस्तै, सरकारले ६० दिनसम्म दुवै अध्यादेशको प्रतिस्थापन विधेयक संघीय संसदका कुनै पनि सदनमा पेस नगरी ६० दिन कटाएर पनि यसलाई निष्क्रिय पार्न सक्ने छ ।

## यादव...

जाने अवस्थामा छैन ।' 'सरकारले कार्यसूचीमा राख्नेबित्तिकै हाम्रो निर्णय हुन्छ । हामी सरकारमा जाने अवस्थामा अहिले छैनौं । हामीलाई मन्त्रालय चाहिएन', उनले भने, 'देश र जनताको हितमा काम चाहियो ।'

## जरिमाना...

बिना जेल सजाय अवैध कामदार घर फर्कन पाउने छन् । सरकारले उपलब्ध गराएको यो सुविधा लिन चाहने व्यक्तिहरूले हमाद अन्तर्राष्ट्रिय विमानस्थल वा सल्वा रोडमा रहेको सर्च एन्ड फलो अप डिपार्टमेन्टमा दिउँसो १ बजेदेखि बेलुका ९ बजेभित्र गएर निवेदन दिनुपर्ने छ ।

आप्रवासीको आवास, प्रवेश र प्रस्थानको नियमन गर्न सन् २०१५ मा बनेको कानुन नम्बर २१ अन्तर्गत यो प्रक्रिया थालनी गरेको आन्तरिक मन्त्रालयले जनाएको छ ।

### नेपाली पनि लाभान्वित

यो आममाफीबाट गैरकानुनी हैसियतमा रहेका नेपालीहरू पनि लाभान्वित हुने छन् ।

कम्पनीमा वर्किङ भिसामा कतार गएर विभिन्न कारणले कतारी आईडी नपाएका वा नवीकरण हुन नसकी अवैध रूपमा रहेका नेपालीहरूले कुनै रोजगारदाता कम्पनीबाट जब अफर लेटर लिई आवश्यक कागजातसहित विभिन्न केन्द्रमा गएर आफ्नो कानुनी अवस्था सुधार गर्न सक्छन् ।

यसरी आफ्नो कानुनी अवस्था सुधार गर्दा अहिलेसम्मको जरिमाना छुट तथा मिनाह हुने छ भने आफूले जब अफर लेटर पेस गरेको कम्पनीमा रोजगारीका लागि कागजात नियमित गर्न सकिन्छ ।

त्यसका लागि उम्म सलाल सर्भिस सेन्टर, उम्म सुनाइम सर्भिस सेन्टर (साविकको इन्डस्ट्रियल एरिया) मेसाइमिर सर्भिस सेन्टर, अल वाक्रा सर्भिस सेन्टर र अल रैयान सर्भिस सेन्टरमा जान सकिन्छ ।

यसरी रोजगारी सुनिश्चित नभएकाहरूको हकमा भने स्वदेश फिर्तीको सहजीकरणसमेत हुन्छ । त्यसका लागि सर्च एन्ड फलो अप डिपार्टमेन्ट (एसएएफडी)मा रहेको काउन्टरमा नेपाल फर्कने टिकटको बुकिङ लिएर गएमा दण्ड जरिमाना छुट तथा मिनाह गरी स्वदेश फर्कन पाइन्छ ।

जुनसुकै प्रकारको भ्रमण भिसा (टुरिस्ट, पारिवारिक भिसालगायत)मा कतार गएको तर भिसाको म्याद समाप्त भई अहिले पनि कतारमै रहेकाहरूले भने नेपाल फर्कने टिकटको बुकिङ लिएर एसएएफडीमा उपस्थित भई दण्ड र जरिमाना मिनाह गरी स्वदेश फर्कन सक्ने छन् ।

कतार सरकारले दिएको यो अवसरको सदुपयोग गर्दै दण्ड जरिमानाबाट बच्न र आफ्नो कानुनी अवस्था सुधार वा स्वदेश फर्कन नेपाली दूतावासले पनि अनुरोध गरेको छ ।

कतार सरकारले दिएको यो सुविधालाई अधिकतम उपयोग गर्न नेपाली महिला समाज कतारकी अध्यक्ष माया के. सी.ले आग्रह गरेकी छन् ।

### कतारमा कति छन् नेपाली ?

पछिल्लो तथ्यांकअनुसार कतारमा ३ लाख ४४ हजार ४०५ जना नेपाली विभिन्न क्षेत्रमा कार्यरत छन् । त्यहाँको सरकारी क्षेत्रमा ९ हजार ७१ पुरुष, ४०६ महिला, अर्धसरकारी क्षेत्रमा ४ हजार २०० पुरुष र १३८ महिला कार्यरत छन् । त्यस्तै, निजी क्षेत्रमा सबैभन्दा धेरै ३ लाख ९ हजार ५७६ पुरुष र २१ हजार १७ महिला गरी कुल कतारमा ३ लाख ४४ हजार ४०५ जना कार्यरत रहेको कतारस्थित नेपाली दूतावासले जनाएको छ ।

कतारस्थित गैरआवासीय नेपाली संघका अध्यक्ष रमेश भट्टका अनुसार कतारमा कति नेपाली अवैध छन् भन्ने यकिन तथ्यांक नभए पनि करिब १५ हजारभन्दा बदी नेपाली अवैध तरिकाले बसिरहेका छन् ।

वैदेशिक रोजगार विभागअनुसार आर्थिक वर्ष २०७८/०७९ मा ७ हजार १३८ नेपाली कतार गएका छन् । त्यस्तै, आर्थिक वर्ष २०७९/०८० मा ६ हजार ६९९ र आर्थिक वर्ष २०८०/०८१ मा १० हजार ८१५ नेपाली कामदार कतार गएका छन् ।

विभागले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जानेहरूको तथ्यांक राखे पनि अवैध रूपमा जानेहरूका विषयमा कुनै जानकारी छैन । मानव बेचबिखन अनुसन्धान ब्युरोका अनुसार खाडी मुलुक कुवेत, साउदी, कतार, ओमन, बहराइन र इराकमा ठूलो संख्यामा महिलाहरू घरेलु कामदारमा जाने गरेका छन् ।

'सरकारले घरेलु कामदार प्रतिबन्ध लगाए पनि भिजिट भिसा र भारतको बाटो हुँदै खाडी देशहरूमा गइरहेका छन्', ब्युरोका सूचना अधिकारी तथा प्रहरी उपरीक्षक गौतम मिश्र भन्छन् ।

## सऱ्यो...

संघको निर्णयअघि संघका पूर्वअध्यक्ष विमलप्रसाद ढकाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका पूर्वअध्यक्ष प्रज्ञान न्यौपाने, संघका पूर्व प्रथम उपाध्यक्ष तथा एसोसिएसनका पूर्वअध्यक्ष कुमुद खनाल, एसोसिएसनका पूर्वकार्यबाहक अध्यक्ष तथा संघका पूर्वमहासचिव सुजितकुमार श्रेष्ठले संघमा लिखित निवेदन दर्ता गराउँदै २ फागुनका लागि तोकिएको निर्वाचनसहितको साधारणसभाको मिति परिवर्तनको माग गरेका थिए ।

लिखित निवेदनमा उनीहरूले वैदेशिक रोजगार क्षेत्रमा विगत केही समयदेखि महत्त्वपूर्ण मुद्दाहरूले व्यवसाय नै अनिश्चित भई सदैव त्रासपूर्ण अवस्थामा व्यवसाय गर्नुपरेको र हाल विशेषगरी संख्या सयको बाध्यता हटाएर सधैंका लागि समस्या समाधान गर्न संसद्मा विचाराधीन अवस्थामा रहेको वैदेशिक रोजगार ऐनको संशोधन विधेयक पारित गराउन भूमिका खेल्नका लागि साधारणसभा तथा निर्वाचनको निर्धारित मिति सार्न अनुरोध गरेका थिए ।

संघको साधारणसभाका लागि साढे ८०० म्यानपावर कम्पनी संघमा दर्ता भएका छन् । तीमध्ये ४०० बढी मलेसिया कामदार पठाउने कम्पनी छन् । तर, मलेसियाले गत मे महिनादेखि नयाँ कामदारको एप्रुभल रोकेको छ । चालू आर्थिक वर्ष नसकिँदै संख्या सय खारेज गर्ने वैदेशिक रोजगार ऐनको प्रावधान खारेज गराउन सके ठूलो उपलब्धि हुने पूर्वअध्यक्षहरूको भनाइ छ ।

संघका पूर्वअध्यक्ष ढकालले मध्यान्हसँग संक्षिप्त कुराकानी गर्दै भने, 'केही व्यक्तिका लागि संख्या सयको समस्याभन्दा पद प्राप्त गर्ने लालसा होला तर सयौं व्यवसायीहरू संख्या सयको समस्या सधैंका लागि समाधान होस् भन्ने चाहन्छन् । समाधानको नजिक पुगेको यो विषय कुनै कारणले पनि नबिथोलियोस् र सबै व्यवसायी साथीहरूले बिनातनाव सहज तरिकाले काम गर्न पाऊन् भन्ने हाम्रो धारणा हो ।'

## एसोसिएसनसहित...

विज्ञप्तिमार्फत संघ कार्यसमितिको निर्वाचनका लागि उम्मेदवारीसमेत घोषणा भइसकेको अवस्थामा साधारणसभा सार्ने निर्णय गरिनु आपत्तिजनक भएको बताएका छन् ।

एसोसिएसनले विज्ञप्तिमा संघले साधारणसभा सार्न देखाएको कारण अनावश्यक र औचित्यहीन भन्दै अवैधानिक कार्यसमितिले गलत नजिर बसाउन खोजेको टिप्पणी गरेको छ ।

संघको वर्तमान कार्यसमितिको कार्यकाल गत ६ माघमै समाप्त भइसकेको भन्दै एसोसिएसनले विधानअनुसार कार्यकाल समाप्त हुनु अगावै निर्वाचनसहितको साधारणसभा सम्पन्न गर्नुपर्नेमा संघको नेतृत्वले विभिन्न बहाना बनाउँदै विधानविपरीत कार्यकाल लम्ब्याउने, साधारणसभा नगरी संस्थाको विधानले दिएको अधिकारभन्दा बाहिर रहेर पदीय दुरुपयोग गर्ने, सदस्य संस्थाहरूलाई गुमराहमा राख्ने गलत क्रियाकलाप भएको एसोसिएसनको भनाइ छ ।

वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले साधारणसभा र नयाँ कार्यसमितिको निर्वाचनका कार्यक्रम स्थगित गरिएकोप्रति गम्भीर ध्यानाकर्षण भएको बताएको छ । संघको साधारणसभाका लागि ८०० भन्दा बढी व्यवसायीले शुल्क बुझाई प्रतिनिधि पठाइसकेको अवस्थामा बिनाकारण साधारणसभा र निर्वाचनका सबै कार्यक्रम स्थगन गर्नु संघको विधानविपरीत र आपत्तिको विषय भएको मञ्चले विज्ञप्तिमा जनाएको छ ।

अविलम्ब नयाँ कार्यसमितिको निर्वाचनको सुनिश्चितताका लागि मञ्चले राजनीतिक दल निकट शुभेच्छुकसहित जातीय, भेगीय संघसंस्थामा आबद्ध व्यवसायीलाई एकजुट हुन आह्वान गरेको छ ।

एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनले संघमा आबद्ध व्यवसायीहरूको ठूलो संख्याले निर्वाचन तोकिएको समयमा सम्पन्न गर्नुपर्ने माग गरिरहेको अवस्थामा संघ नेतृत्वको ढिलासुस्ती र विधानविपरीतका गतिविधिहरूले व्यवसायीहरूलाई अन्योलमा पार्दै संस्थागत सुशासनलाई समेत कमजोर पार्ने खतरा बढेको बताएको छ ।

संगठनले विज्ञप्तिमा संघ कार्यसमिति कानुनी रूपमा पूर्णतः अवैधानिक भइसकेको भन्दै साधारणसभामार्फत कार्यसमितिलाई वैधानीकीकरण गर्नुपर्नेमा विधानका व्यवस्थाहरूलाई लत्याउँदै अप्रजातान्त्रिक र तानाशाही प्रक्रिया अवलम्बन गर्दा संघले सम्पूर्ण व्यवसायीको अभिभावकको हैसियत गुमाउने खतरा देखिएको संगठनको भनाइ छ । त्यस्तै, तराई वैदेशिक रोजगार व्यवसायी समाजका बरिष्ठ उपाध्यक्ष अख्तर हुसेनले प्रेस विज्ञप्ति जारी गर्दै निर्वाचन प्रक्रिया सार्ने काम अन्यायपूर्ण र विधानविपरीत स्वार्थअनुकूल भन्दै समाजको गम्भीर ध्यानाकर्षण भएको बताएका छन् ।

व्यवसायीहरूको हक, अधिकार तथा संस्थागत पारदर्शिता, सुनिश्चित गर्न निर्वाचन तोकिएको मितिमा नै हुनुपर्ने भन्दै विज्ञप्तिमा विधानविपरीत निर्वाचनलाई अन्योलमा पारिएमा त्यसको सम्पूर्ण जिम्मेवारी संघको वर्तमान नेतृत्वले लिनुपर्ने चेतावनी दिइएको छ ।

# परराष्ट्रमन्त्रीको आग्रह-लागूऔषध दुर्व्यसनीमा नफस्नुस्




**धनगढी/मस-** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले लागूऔषध दुर्व्यसनीमा नफस्न सबैलाई आग्रह गरेकी छन् । नेपाल विद्यार्थी संघ धनगढी उपमहानगर समितिले आइतबार धनगढीमा आयोजना गरेको लागूऔषध दुर्व्यसनीविरुद्धको बृहत् पैदलयात्राको शुभारम्भ गर्दै उनले लागूऔषधको प्रयोग नगर्न सबैमा आग्रह गरेकी हुन् ।

'लागूऔषध एक पटक पनि प्रयोग नगर्नुहोस् । एक मात्राले पनि दिमागमा असर गर्छ । साथीहरूको लहलहैमा पनि नलाग्नुस्,' मन्त्री देउवाले भनिन्, 'सकारात्मक कुरा सोचौं । आफ्ना घरपरिवारलाई सम्झिऊ, लागु औषध प्रयोगमा नलाग्नुस् । यसले कसैलाई राम्रो गर्दैन ।'

लागूऔषध दुर्व्यसनीमा फसेकालाई छोड्न आग्रह गर्दै उनले भनिन्, 'लागूऔषधमा फसिसकेकाले त्यसबाट निस्कन सकिन्न भन्ने नसोच्नुस् । निस्कन सक्नुहुन्छ, मान्छेले चाहे जे पनि हुन्छ । आजकै दिनदेखि छोड्नुस् ।'

मन्त्री देउवाले लागूऔषध दुर्व्यसनी नेपालमा मात्रै नभएर भारतमासमेत ठूलो समस्याका रूपमा रहेको बताइन् । उनले भनिन्, 'लागूऔषधको समस्या पहिलेदेखि नै हो । यसले विशाल रूप लिएको देख्दा चिन्ता र दुःख लागेको छ । यहाँ पनि धेरै घरपरिवारमा यो समस्या छ । लागूऔषध दुर्व्यसनी नलाग्न म आग्रह गर्न चाहन्छु ।'

## पाथीभरा केबलकार विवाद

# सरकार-आन्दोलनरत पक्षबीच वार्ता आज

**काठमाडौं/मस-** पाथीभरामा निर्माणाधीन केबलकारको विपक्षमा रहेका आन्दोलनरत पक्षसँग सरकारले वार्ता गर्ने भएको छ । सोमबार साँझ ६ बजे नेपाल सरकारका गृहमन्त्री रमेश लेखकले 'नो केबलकार समूह'सँग वार्ता गर्ने तय भएको एमाले सांसद योगेश भट्टराईले जानकारी दिएका छन् ।

उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'आन्दोलनरत पक्षहरूले गृहमन्त्रीसमक्ष भेटेर आफ्ना कुरा राख्न चाहनु भएको र त्यसको समन्वयका लागि मलाई अनुरोध गर्नु भए अनुरूप मैले गृहमन्त्रीलाई अनुरोध गरें । गृहमन्त्रीले भोलि (सोमबार)साँझ ६ बजे भेटघाटको समय दिनुभएको जानकारी गराउँदछु ।'

आन्दोलनरत पक्षलाई सरकारले तोकेको वार्ता समितिसँग छलफललाई निरन्तरता दिएर वार्ता मार्फत समस्याको समाधान गर्न समेत



उनले अनुरोध गरेका छन् ।

यसअघि आन्दोलनरत पक्ष र सरकारका प्रतिनिधिबीच आइतबार तय भएको वार्ता भाँडिएको थियो ।

गृह मन्त्रालयका सहसचिव प्रेमप्रसाद भट्टराईको नेतृत्वमा गठित सरकारी वार्ता टोलीसँग वार्ता नगर्ने आन्दोलनरत पक्षले माग गरेपछि वार्ता भाँडिएको थियो । आन्दोलनरत पक्षले उच्चस्तरीय राजनीतिक नेतृत्व अर्थात् मन्त्रीसँग मात्रै छलफल गर्ने बताएको छ ।

उनीहरूले आइतबारको छलफलमा यसअघिका सहमति कार्यान्वयन नभएकाले कर्मचारीसँग थप वार्ता नगर्ने अडान लिएका छन् । सरकारले वार्ता टोली गठन गरेपछि आफूहरूले आन्दोलनका कार्यक्रम स्थगित गरे पनि सरकारले पक्राउ परेकालाई विनाशर्त छाड्नुपर्नेमा धरौटी लिएकोमा आन्दोलनरत पक्षले आपत्ति जनाएको हो ।

वार्तामा आन्दोलनकारीहरूको तर्फबाट अमर तुम्याहाङको संयोजकत्वमा गठित टोली सहभागी थियो ।

यसअघि २२ माघमा दुई पक्षबीच वार्ता हुँदा ६ बुँदे सम्झौता भएको थियो । तर आइतबार भएको दोस्रो दुई पक्षीय वार्ता भने भाँडिएको हो । आन्दोलनरत पक्षले कर्मचारीस्तरीय वार्ताबाट समस्या समाधान नहुने भएकाले अब वर्तमान सरकारी वार्ता समितिसँग वार्ता नगर्ने बताएको हो । आन्दोलनकारी पक्षले पाथाभरा क्षेत्रमा केबलकार नै बनाउन नहुने बताउँदै आएको छ । सरकारले भने स्थानीयलाई रोजगारी सुनिश्चित गरेर भए पनि बनाउनु पर्ने बताइरहेको छ । आन्दोलनरत पक्षको तर्फबाट वार्ता सहजीकरण समितिका संयोजक तुम्याहाङ्ले सरकारले यसअघि गरेको सहमति कार्यान्वयन नगरेको कारण वार्ता नभएको बताए ।


## UAE मा रोजगार

कम्पनी: AL JAZEERA INTERNATIONAL CATERING LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१०/२७ — चलानी नं.: ६०२३२७५३ — L.T. No.: 318572

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | MALE CLEANER(BASIC) | 50 | 0 | स. काममा दक्ष | 800 | ३०,४०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: APEX ALWATANIAH CATERING SERVICES LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१०/२७ — चलानी नं.: ६०२३२७५४ — L.T. No.: 318581

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Male) | 50 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३४,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Helpers | 50 | 0 | | 900 | ३४,२०५ | | | | | | | |
| 3. | Tea Boy | 50 | 0 | | 1100 | ४१,८११ | | | | | | | |
| 4. | Waiter | 50 | 0 | | 1200 | ४५,६१२ | | | | | | | |

प्रि-अन्तर्वार्ता धमाधम भइरहेको छ ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ फागुन ५ गते (17 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

# सगरमाथा संवादको तयारी : भारत र चीनका सरकारप्रमुखलाई निम्तो गरिने

**काठमाडौं/मस–** सरकारले २ जेठदेखि ४ गतेसम्म काठमाडौंमा सगरमाथा संवाद कार्यक्रम गर्ने भएको छ ।

कार्यक्रम तयारीका विषयमा आइतबार प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा तयारी बैठक बसेको छ ।

बैठकले संवादको समग्र मार्गदर्शनका लागि प्रधानमन्त्री ओलीको अध्यक्षतामा निर्देशक समिति गठन गर्ने प्रस्ताव गरेको छ । परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाको संयोजकत्वमा संवादको कार्यकारी समिति गठन गर्ने विषयमा छलफल भएको छ । यस्तै कार्यक्रम आयोजनाका लागि कार्यकारी समिति र सचिवलाय गठन गर्ने तयारी भएको छ ।

वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरी, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा. युवराज खतिवडालगायत सहभागी बैठकमा संवादको संयोजनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सचिवालय रहने प्रस्ताव गरिएको छ ।



संवाद कार्यक्रमका लागि छिमेकी मुलुक भारत, चीन तथा दक्षिण एसियाली मुलुकका राष्ट्रप्रमुख वा सरकार प्रमुखसहितलाई विशेष अतिथिका रूपमा आमन्त्रण गर्ने तयारी भएको छ । आयोजना सफल बनाउन राष्ट्रिय र अन्तर्राष्ट्रिय सञ्चारमाध्यमबाट समेत प्रचारप्रसार गराउने तयारी भएको छ । कार्यक्रमबारे सरकारले आइतबारदेखि नै 'सगरमाथासंवाद डटकम' वेभसाइट सञ्चालनमा ल्याएको छ । मुख्य कार्यक्रमको तयारीलाई भव्य तुल्याउन समावेशी प्रतिनिधित्व हुने गरी महिला तथा बालबालिका, ज्येष्ठ नागरिक, युवा, जनजाति, सीमान्तकृत क्षेत्र र वर्गको सहभागितामा पूर्व कार्यक्रम (प्रि-इभेन्ट) आयोजना गर्ने प्रस्ताव पनि गरिएको छ । संवादका अवसरमा नेपालको पर्यटन प्रवर्द्धनका लागि नेपाल पर्यटन बोर्ड, नेपाल उद्योग वाणिज्य महासंघलगायत निजी क्षेत्रको सहकार्यमा साइडलाइन इभेन्टहरू तथा प्रदर्शनी गर्ने तय भएको छ । यो अन्तर्राष्ट्रिय संवाद कार्यक्रमले समाजका सबै पक्ष र तिनै तहका सरकारलाई जोड्ने लक्ष्य लिएको छ ।

८ माघमा अन्तर्राष्ट्रिय हिमनदी वर्ष, २०२५ का अवसरमा प्रधानमन्त्री ओलीले सगरमाथा संवाद कार्यक्रम काठमाडौंमा गर्ने घोषणा गरेका थिए । सरकारले पहिलो पटक जलवायु परिवर्तन, हिमाल र मानव जीवनको भविष्यलाई केन्द्रमा राखेर हरेक २ वर्षमा यस प्रकारको विश्वव्यापी संवाद आयोजना गर्न लागेको हो ।

## नागार्जुनका निलम्बित प्रमुखविरुद्ध अर्को भ्रष्टाचार मुद्दा दर्ता

# ८ करोड ६९ लाख बिगो दाबी

**काठमाडौं/मस–** नागार्जुन नगरपालिकाका निलम्बित नगर प्रमुख मोहनबहादुर बस्नेतविरुद्ध गैरकानूनी सम्पत्ति आर्जनको अर्को भ्रष्टाचार मुद्दा दायर भएको छ ।

अख्तियारले बस्नेमाथि ८ करोड ६९ लाख रुपैयाँ गैरकानुनी रुपमा आर्जन गरेको र त्यो रकम भ्रष्टाचारबाट कमाएको दाबी गरेको हो ।

गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको अभियोगमा आयोगले ८ करोड ६९ लाख ८७ हजार १०५ रूपैयाँ बिगो मागदाबीसहित विशेष अदालतमा अर्को मुद्दा दायर गरेको हो ।

प्रमुख बस्नेतले पदीय मर्यादा विपरीतका कार्य गरी गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको उजुरीपछि अनुसन्धान गर्दा बस्नेत र उनका एकाघर परिवारका सदस्यले ८ करोड ६९ लाख ८७ हजार १०५ रूपैयाँ गैरकानुनी रूपमा आर्जन गरेको देखिएकाले मुद्दा दायर गरिएको आयोगले जनाएको छ ।

यो अवधिमा उनले जग्गा खरिद, घर निर्माण एवं मर्मत,



अपार्टमेन्ट खरिद लगायतका काम गरेको अख्तियारको दाबी छ । उनले विभिन्न व्यक्तिलाई जग्गा खरिद बिक्री गर्दा कमिसन बापत रकम दिएको, छोराहरूको विवाहको भोजमा गैरकानुन रुपमा खर्च गरेको अख्तियारको दाबी छ ।

यस्तै उनले विवाहित छोरालाई व्यक्तिगत खर्च भनी रकम दिएको, विवाहित छोरीलाई पनि रकम दिएको, दान भनेर रकम दिएको अनि घरमा काम गर्ने सहयोगीहरूलाई पनि गैरकानुनी रुपमा आर्जित सम्पत्तिबाट खर्च दिएको अख्तियारको दाबी छ ।

उनी नागार्जुन नगरपालिकाको प्रमुख भएपछि अस्वभाविक रुपमा आर्जन हुने क्रम बढेको भन्दै अख्तियारले त्यसलाई 'सार्वजनिक पदको दुरुपयोग' भनेको हो । अख्तियारले लुकाएको र व्यवस्थापन गरेको सम्पत्ति जफत गर्न उनकी पत्नी उर्मिला बस्नेतमाथि पनि मुद्दा दायर गरेको छ ।

बस्नेत र उनको परिवारले अनुसन्धान अवधिमा २८ करोड ६५ लाख ६१ हजार ९६७ रूपैयाँ खर्च तथा लगानी गरेको जाँच अवधिको कूल समग्र आयबाट त्यसै अवधिको कूल खर्च तथा लगानी घटाउँदा ८ करोड ६९ लाख ८७ हजार १०५ रुपैयाँ बराबरको सम्पत्तिको स्रोत पुष्टि नभएको आयोगका सहसचिव एवं प्रवक्ता नरहरी घिमिरेले जानकारी दिए ।

उनीविरुद्ध १४ पुसमा २२ करोडभन्दा बढी बिगो दाबीसहित घुस तथा सम्पत्ति शुद्धीकरणको मुद्दा दायर भइएको छ । मुद्दामा बस्नेत, उनकी पत्नी उर्मिला र पद्मा कोलोनीका सञ्चालक राजुप्रसाद कँडेल, पद्मा कोलोनी र पद्मा मर्चेन्ट प्रालिलाई प्रतिवादी बनाइएको छ । बस्नेत नेपाली कांग्रेस बागमती प्रदेशका उपसभापति हुन् ।

# फर्पिङमा स्कूल बस दुर्घटना हुँदा २ जनाको मृत्यु



**काठमाडौं/मस–** काठमाडौंको दक्षिणकाली नगरपालिका-३ फर्पिङमा स्कूल बस दुर्घटना भएको छ । दुर्घटनामा दुई जनाको मृत्यु भएको छ भने ३९ घाइते भएका छन् ।

मृत्यु हुनेमा विद्यार्थी ८ वर्षका बालक बिपिन श्रेष्ठ रहेका छन् भने सवारी चालक ३५ वर्षका राधाकृष्ण मगर रहेका छन् । बिपिनको ट्रमा सेन्टर र राधाकृष्णको दक्षिणकाली नगर अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार दुर्घटनामा परेको बस भन्ज्याङस्थित जुनकिरी ईङलिस बोर्डिङ स्कुलको बा १ क ५६६४ नं. को हो ।

बसमा प्ले ग्रुपदेखि कक्षा ५ सम्मका विद्यार्थी र शिक्षकसहित ४५ यात्रु सवार थिए । बसले अचानक नियन्त्रण गुमाउँदा सडकभन्दा १५० मिटर तल खसेको प्रहरीको भनाइ छ ।

प्रहरीका अनुसार मनमोहन अस्पतालमा उपचार गरिएका सुशन तामाङ डिस्चार्ज भइसकेका छन् भने अनुस्का मानन्धर, आरुष मानन्धर, रियाना तामाङ र साहारा श्रेष्ठको अवस्था सामान्य छ ।

त्यस्तै, घाइते भएको निकुल श्रेष्ठ, सान्वि श्रेष्ठ, सकुसल श्रेष्ठ, आरोशी मिश्रा र गञ्जन रस्तेलको कीर्तिपुर अस्पतालमा उपचार भइरहको छ ।

गम्भीर घाइते भएका मिशन श्रेष्ठ, अभ्यान महर्जन, एन्जल सुस्लिङ, श्रृष्टि तामाङ, स्वर्णिम श्रेष्ठ, कबिन राई, विलशन श्रेष्ठ, मन्जिल राई, कमला श्रेष्ठ र आयात श्रेष्ठ ट्रमा सेन्टरमा उपचार भइरहेको छ । त्यस्तै, बैवभ खड्का, प्रज्वल बस्याल, सुमित श्रेष्ठ, स्नेहा बस्याल, रक्षा गिरी, समिरा बस्याल र प्रणजित खड्काको भने भैसेपाटीस्थित मेडिसिटी अस्पतालमा उपचार भइरहेको छ ।

त्यस्तै, श्रृष्टि थापा, दिपशिका तामाङ, कृजिया बस्याल र एमि रोक्काको दक्षिणकाली नगर अस्पताल चाल्नाखेल, सोनिया केसी, आराध्या मिश्रा, विगेश श्रेष्ठ र सिसम थापाको बल्खुस्थित बयोधा अस्पताल, सुमित्रा केसी, एड्रिना केसी र संस्कृति तिमिल्सिनाको कलंकीस्थित शहीद मेमोरियल अस्पताल र दिपक्षिका श्रेष्ठको थापाथलीस्थित नर्भिक अस्पतालमा उपचार भइरहेको छ ।

यसैबीच नेपालगञ्जबाट काठमाडौं जाँदै गरेको लु प्र ०३-००१ ख ००७७ नम्बरको बस आइतबार बिहान ४:३० बजे नारायणगढ-मुग्लिन सडकखण्डको सेतीदोभान पुलबाट खस्दा २३ जना घाइते भएका छन् ।

इलाका प्रहरी कार्यालय मुग्लिनकी प्रमुख प्रहरी निरीक्षक निरला भण्डारीले बस दुर्घटनामा बसमा सवार २८ जनामध्ये २३ जना घाइते भएको जानकारी दिए । उनका अनुसार घाइतेको चितवन मेडिकल कलेजमा उपचार भइरहेको छ । अन्य यात्रु सकुशल छन् । 'टायर पञ्चर' हुँदा बस अनियन्त्रित भएर दुर्घटनामा परेको हुनसक्ने प्रहरी निरीक्षक भण्डारीले जानकारी दिए ।

यसैबीच सुर्खेतबाट कुम्भ मेलाका तीर्थयात्री लिएर जाँदै गरेको बस बबई नजिक दुर्घटना भएको छ । आइतबार साँझ भे १ ख ४३३१ नम्बरको बस बबईभन्दा १ किलोमिटर अघि सुर्खेतपट्टि दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय सुर्खेतले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रमुख एसपी रूपक खड्काका अनुसार घाइते सबैको उद्धार गरेर कोहलपुर मेडिकल कलेज लगिएको छ । बस भारतको उत्तर प्रदेशस्थित गंगा, यमुना र सरस्वतीको त्रिवेणी प्रयागराजमा जारी कुम्भ भेलामा जाँदै गरेको रिजर्भ बस पुलभन्दा तल खसेका प्रहरीले जनाएको छ । बसमा ४० जना यात्रु सवार रहेको प्रहरीले जनाएको छ ।

# दीपक समिरको कथा संग्रह 'मुना मदनको डिभोर्स पार्टी' विमोचित

**काठमाडौं/मस–** सञ्चारकर्मी दीपक समिरको कथा संग्रह 'मुना मदनको डिभोर्स पार्टी' विमोचन भएको छ । शनिबार काठमाडौंमा एक समारोहबीच उक्त कथा संग्रहको विमोचन गरिएको हो ।

इन्डिगो इंकले प्रकाशनमा ल्याएको कथा संग्रहको विमोचन कार्यक्रममा डा. गीता त्रिपाठी, डा. महेन्द्र विष्ट, फूलमान बल लगायतका वक्ताहरूले आफ्नो धारणा व्यक्त गरे । कार्यक्रममा बोल्दै समिरले कथा लेख्न गाह्रो नभए पनि केही कुराहरुमा केही कमजोरी भएको छ की भन्ने महसुस भएको बताए । यो आफ्नो पहिलो कृति भएको बताए ।



उनले यसमा कुनै विवाद हुन्छ की भन्ने महसुस गरेपनि कथा पढिसकेपछि त्यसले शीर्षकको महत्व बुझिने बताए ।

सार्वजनिक प्रसारण सेवा नेपालका अध्यक्ष डा.विष्टले सञ्चारकर्मसँगै लेखकका रूपमा सुरु भएको यात्रालाई सन्तुलन मिलाएर अगाडि बढ्न शुभकामना दिए ।

यस्तै, सार्वजनिक प्रसारण सेवा नेपालका सदस्य वलले कथाकार समिरलाई कुमार नगरकोटी शैलीको लेखकका रूपमा बुझेको उल्लेख गर्दै सानो कथानकमा कथा बुन्न सक्ने कथाकार भन्दै प्रशंसा गरे । आयोजित कार्यक्रममा साहित्यकार, कवि, सञ्चारकर्मीलगायतको उपस्थिति रहेको थियो ।

# सुनसहित एक जना पक्राउ

**सपना बोहरा/मध्यान्ह**
दाङ, २७ माघ

दाङमा सुनसहित एक जना पक्राउ परेका छन । घोराही उपमहानगरपालिका-१५ मिलन चोकका २५ वर्षीय रन्जित रसाइलीलाई जिल्ला प्रहरी कार्यालय दाङको टोली शुक्रबार साँझ पक्राउ गरी आइतबार सार्वजनिक गरेको हो ।

रसाइलीबाट दुई थान सिक्री र एक थान सुनको डल्ला गरी ४९७.०४ ग्राम सुन बराबद गरिएको जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायब उपरीक्षक चक्रबहादुर शाहले जानकारी दिए । अवैध सुन ओसारपसार गरेको सूचना पाएपछि उनी सवार लु ४६ प ६१६१ नम्बरको मोटरसाइकलमा तलासी गर्दा उक्त सुन फेला परेको शाहले बताए । उनका अनुसार रसाइलीबाट १ लाख ७ हजार ८ सय रुपैयाँ पनि बरामद गरिएको छ ।





## वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको
## प्रेस विज्ञप्ति

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०८१/११/२ गतेका लागि तोकिएको साधारणसभा र नयाँ कार्यसमिति निर्वाचनका कार्यक्रम स्थगित गरिएको घटनाप्रति यस वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको गम्भीर ध्यानाकर्षण भएको छ । संघको साधारणसभाका लागि ८ सयभन्दा बढी व्यवसायीले शुल्क बुझाई प्रतिनिधि पठाई सकेको र अधिकांश व्यवसायी ताजा जनादेशका माध्यमबाट संघको नेतृत्व निर्वाचित गर्ने प्रक्रियामा पूर्णरूपमा सहभागी भएको अवस्थामा विनाकारण साधारणसभा र निर्वाचनका सबै कार्यक्रम स्थगन गर्नु संघको विधान विपरीत र घोर आपत्तिका विषय हो । साधारणसभा स्थगित गराएर आफ्नो कार्यकाल आफैले लम्ब्याउने संघ कार्यसमितिको निर्णय पनि अत्यन्तै अप्रजातान्त्रिक र एकाधिकारवादी चिन्तनको परिणाम हो भन्ने यस मञ्चको निष्कर्ष छ । मुलुकमा क्रियाशील एक हजारबढी व्यवसायीको हकहित र अधिकार रक्षाका लागि संघ कार्यसमितिमा ताजा जनादेशसहितको नेतृत्व यथाशक्य छिटो स्थापित गर्नुपर्ने भएकोले विधान विपरीतका क्रियाकलापविरूद्ध एकजुट हुन राजनीतिक दल निकट शुभेच्छुकसहित जातीय भेगीय संघसंस्थामा आबद्ध व्यवसायीलाई आव्हान गर्दै गलत निर्णय यथाशक्य छिटो सच्याउन पनि संघको नेतृत्व र सम्बन्धित सम्पूर्ण सरोकारवाला निकायहरूको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं ।

अन्तमा, आम व्यवसायीका समस्या समाधानका लागि संघको कार्यसमितिमा व्यवसायिक, निष्ठावान र परिपक्व नेतृत्व स्थापित गर्न नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनसँग गरिएको सहकार्य र तालमेलको निर्णय यथावत् राख्न परिस्थितिमा अचानक आएको कठिनाईका कारणले सान्दर्भिक नदेखिएकाले हालका लागि तालमेलको उक्त निर्णय पनि भंग गरिएको यसै विज्ञप्तिमार्फत सबैलाई जानकारी गराउँदछौं । व्यवसायीका समस्या समाधानका लागि विगतमा झैं सबै पक्षसँग सहकार्य र एकता रही रहने प्रतिवद्वता जनाउँदछौं ।

**धनलाल जैसी**
अध्यक्ष
ORFEE
वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च
Organization of Republican Foreign Employment Entrepreneur
ललितपुर महानगरपालिका-१४, कुसुन्तिहाईट ललितपुर, नेपाल



## तराई वैदेशिक रोजगार व्यवसायी समाजको
## प्रेस विज्ञप्ति

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको २०८१/११/०२ गतेका लागि तय गरिएको निर्वाचन प्रक्रिया अन्यायपूर्ण रूपमा सार्ने र विधान (परिच्छेद-६, धारा-२४) विपरीत स्वार्थअनुकूल निर्णय लिने कार्यप्रति तराई वैदेशिक रोजगार व्यवसायी समाजको गम्भीर ध्यानाकर्षण भएको छ।

संघको वर्तमान कार्यसमितिको कार्यकाल २०८१ माघ ६ गते नै समाप्त भइसकेको हुँदा, विधानअनुसार तोकिएको समयमा निर्वाचन सम्पन्न हुनु पर्नेमा, संघको नेतृत्वले विभिन्न बहाना बनाई कार्यकाल लम्ब्याउने, सदस्य संस्थाहरूलाई गुमराहमा राख्ने, र व्यवसायीहरूको भावना विपरीत निर्णय गर्ने कार्य गरिरहेको देखिन्छ।

तराई वैदेशिक रोजगार व्यवसायी समाज हाम्रा व्यवसायीहरूको हक, अधिकार तथा संस्थागत पारदर्शिता सुनिश्चित गर्न, नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई निर्वाचन तोकिएको मितिमा नै सम्पन्न गर्न आग्रह गर्दछ। यदि विधानविपरीत निर्वाचनलाई अन्यौलमा पार्ने वा व्यवसायीहरूको भावनाविपरीत गलत नियत राख्ने प्रयास भएमा, व्यवसायी समुदाय बाध्य भएर वैधानिक संघर्षमा उत्रनेछ, जसको सम्पूर्ण जिम्मेवारी संघको वर्तमान नेतृत्वले लिनुपर्नेछ। हामी सम्बन्धित सबै पक्षलाई वैदेशिक रोजगार व्यवसायीहरूको हक र व्यवसायको स्थायित्व संरक्षण गर्न आवश्यक कदम चाल्न आह्वान गर्दछौं।

**अख्तर हुसैन**
वरिष्ठ उपाध्यक्ष
तराई वैदेशिक रोजगार व्यवसायी समाज
का.म.नपा.-९, काठमाडौं



## निर्वाचनसहितको साधारणसभा स्थगित गरिएको सुचना

संघ कार्यसमितिको मिति २०८१ पौष १० गते बसेको बैठकको निर्णयानुसार संघको मिति २०८१ फाल्गुण २ गते ३०औं र ३१औं वार्षिक साधारणसभा बोलाई सो सभाबाट आगामी कार्यकालको लागि कार्यसमितिको निर्वाचन गर्न फेवा एच. आर. सोलुसन प्रा.ली.का संचालक टंकबहादुर राउतको संयोजकत्वमा निर्वाचन समिति गठन गरी निर्वाचन कार्यक्रम सुरु गरी साधारणसभाका अन्य तयारीसमेत गरिसकेकोमा वैदेशिक रोजगार ऐन २०६४ बमोजिम वार्षिक १०० जना कामदार नपठाउने कम्पनीको इजाजतपत्र नवीकरण नहुने भएको व्यवस्था खारेजीका लागि विधेयक पास गराउन पहल गरिएको, संघको भवन खरिद गर्न वैना गरिएको तर भवन पास गरी नसकेको, व्यवसाय र व्यवसायीको हितमा मागपत्र प्रमाणीकरणलगायत ऐन संशोधन गर्न वर्तमान कार्यसमितिले कार्य गरी अन्तिम चरणमा रहेकाले उक्त समस्याहरु समाधान गरी टुङ्गोमा पुऱ्याउन वर्तमान कार्यसमितिको समयावधि केही समय थप गरी नतिजा ल्याउन सहज हुने भनी अग्रज व्यवसायीज्यूहरु, पूर्वअध्यक्षज्यूहरु, सल्लाहकारज्यूहरु र व्यवसायीज्यूहरुले सल्लाह सुझाव दिएकाले मिति २०८१ फाल्गुण २ गतेको निर्वाचनलाई स्थगित गरी मिति २०८२ असार १७ गतेका दिन संघको ३३औं स्थापना दिवसको अवसरमा निर्वाचन सहितको साधारणसभा गर्ने निर्णय गरिएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**मेघनाथ भुर्तेल**
महासचिव

**राजेन्द्र भण्डारी**
अध्यक्ष

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
सिफल, काठमाडौं, फोन : ०१-४५९०९६९, ४५९४४१८



## UAE मा रोजगार Company : Emirates Food Industries P.J.S.C.

पूर्व स्वीकृती मितिः २०८१/१०/२७ चलानी नं.: ६०२३२७३७ LT No. 318558

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner General | 28 | 0 | काममा दक्ष | 1000 | ३८,३००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Labour | 89 | 0 | | 1000 | ३८,३००।- | | | | | | | |
| ३. | Operator & Packing | 11 | 0 | | 1840 | ७०,५००।- | | | | | | | |
| ४. | Sales Assistant Helper | 56 | 0 | | 1000 | ३८,३००।- | | | | | | | |
| ५. | Technical Assistance | 11 | 0 | | 2000 | ७६,६००।- | | | | | | | |

अन्तरवार्ता २०८१ फागुन ११ गते (23 Feb., 2025) यस प्रा. लि. कार्यालय सिनामंगल, काठमाडौंमा, २०८१ फागुन १२ गते (24 Feb., 2025) डोल्से पार्टी प्यालेस एण्ड रेष्टुरेन्ट बुटवल, रुपन्देहीमा र २०८१ फागुन १३ गते (25 Feb., 2025) सि.पी. होटल बिर्तामोड झापामा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | निःशुल्क |

GOLDEN CROWN OVERSEAS PVT. LTD.
Binayak Marg, Sinamangal, Kathmandu, Tel 01-5922362
Jhapa : 9807981913, Butwal : 9851087916 | 9851094766
Email : goldencrown514@gmail.com, Web : gcopl.com
Lic NO.: 1706/081/82



## लिखु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
यसम, ओखलढुंगा
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८१/१०/२८**

यस कार्यालयबाट मिति २०८१/०९/२२ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ठेक्का आव्हान सम्बन्धी सूचना अनुसार E-Bid मार्फत रितपूर्वक पेश हुन आएका बोलपत्रहरु मध्ये मूल्याङ्कन समितिको निर्णयानुसार देहाय बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का न. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (मु.अ.कर र P.S. सहित) |
|---|---|---|---|
| LRM/NCB/Watersupply/2081/82-05 | Dobate muhan hundai brihat khanepani aayojna Likhu Rural Muncipality Ward No.2 & 1, Okhaldhunga | Likhu Construction, Thulobharyang kathmandu | 67,08,743.45 |

प्रमुख प्रशासकीय अधिकृत

मध्यान्ह
www.madhyanhadaily.com
२८ माघ २०८१ सोमबार
10 February 2025, Monday

सम्पादकीय

# आप संकटको सन्देश

